# कर्णाली प्रदेश मन्त्रिपरिषद्का सदस्यको आचारसंहिता, २०७४

**प्रस्ताबना :** *कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्वाट स्वीकृत मिति २०७४।११।२६*

कर्णाली प्रदेश कार्यपालिका प्रतिको जनआस्था बृद्धि गरी मन्त्रिपरिषद् सदस्यहरुको प्रतिष्ठालाई उच्च राख्दै, मन्त्रिपरिषद सदस्यबाट व्यक्तिगत एवं सामुहिक रुपमा हुने कार्यसम्पादनलाई स्वतन्त्र, निश्पक्ष र पारदर्शी तवरबाट सञ्चालन गर्न एवं प्रदेश सरकारबाट हुने काम कार्यवाहीलाई उत्तरदायी, पारदर्शी, जनसहभागितामुलक, मितव्ययी तथा जवाफदेही बनाई सुशासन प्रवद्धन गर्न र मन्त्रिपरिषद् सदस्यको आचरण र व्यवहारका विषयमा आधारभूत मानकहरु निर्धारण गरी नियमन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा १६२ बमोजिम कार्यकारिणी अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्ले यो आचारसंहिता जारी गरेको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भ** :

१.१. यो संहिताको नाम **"**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद् सदस्यको आचारसंहिता, २०७४**"** रहेको छ ।

१.२. यो आचारसंहिता मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि लागु हुनेछ ।

**२ परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,

२.१. **"आचारसंहिता"** भन्नाले मन्त्रिपरिषद सदस्यको आचारसंहिता, २०७४ लाई जनाउँछ ।

२.२. **"आचरण"** भन्नाले मन्त्रिपरिषद् सदस्यबाट पालन गर्नुपर्ने व्यवहार, वानी, व्यहोरा, चालचलन वा चरित्र समेतलाई सम्झनुपर्छ ।

२.३. **"मन्त्री"** भन्नाले मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्रीलाई जनाउँछ ।

२.४. **"परिवारको सदस्य"** भन्नाले मन्त्रीसंग बस्ने तथा निज आफैले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा तथा निजको बाजे, बज्यै र सासु, ससुरा समेत सम्झनु पर्छ ।

२.५. **"मन्त्रालय"** भन्नाले कर्णाली प्रदेशमा रहेका मन्त्रालय सम्झनुपर्छ । सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेत सम्झनुपर्छ ।

२.६. "**मन्त्रिपरिषद्**" कर्णाली प्रदेश सरकारको मन्त्रिपरिषद सम्झनुपर्छ ।

२.७. "**मन्त्रिपरिषद् सदस्य**" भन्नाले कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्मा रहने मन्त्रीहरुलाई जनाउँछ ।

**३. आचारसंहिता पालना गर्नुपर्ने** : यस आचारसंहिताको पालना गर्नु मन्त्रिपरिषद्का प्रत्येक सदस्यको कर्तव्य हुनेछ **।**

**४. मन्त्रिपरिषद् सदस्यको पेशागत आचरण** :

४.१. **स्वतन्त्र, निश्पक्ष, इमान्दार र उत्तरदायी भई कार्य गर्नु पर्ने :** मन्त्रिपरिषद् सदस्यले सार्वजनिक हित, स्वार्थ र मन्त्रालयको मर्यादालाई सर्वोपरी राखी आफूलाई सुम्पिएको जिम्मेवारी स्वतन्त्र, निश्पक्ष, इमान्दार र उत्तरदायी भई पुरा गर्नुपर्छ ।

४.२.**अवाञ्छनीय प्रभाव पार्न नहुने :** मन्त्रिपरिषद् सदस्यले आफनो व्यक्तिगत स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै अवाञ्छनीय प्रभाव पार्न हुँदैन र पदीय मर्यादा विपरित हुने गरी कुनै संस्था वा व्यक्तिसंग अवाञ्छित सम्पर्क राख्न हुँदैन ।

४.३. **सार्वजनिक नैतिकता र आचरण अनुकुलको व्यवहार गर्नु पर्ने :** मन्त्रिपरिषद् सदस्यले आफनो पद र पदीय मर्यादा कायम राखी सदैव अनुशासनमा वस्नुपर्ने छ र समाजमा विद्यमान सार्वजनिक नैतिकता र आचरण अनुकुलको व्यवहार गर्नुपर्छ ।

४.४. **कर्मचारीहरु प्रति उचित व्यवहार गर्नु पर्ने :** मन्त्रीले आफ्ना मन्त्रालय र मन्त्रालय मातहतका निकायहरु भए सो निकायका कर्मचारीहरुप्रति मर्यादित व्यवहार गरी मन्त्रालयको कामप्रति उत्प्रेरणा जगाउने वातावरण वनाउनु पर्दछ ।

४.५.**मानवअधिकार तथा अर्न्तराष्ट्रिय मानवीय कानुनका सिद्धान्त र मूल्य मान्यताप्रति प्रतिवद्ध रही कार्य गर्नु पर्ने :** मन्त्रिपरिषद् सदस्यले नेपालको संविधान, प्रचलित नेपाल कानून, प्रदेश कानून, नेपाल पक्ष रहेको अर्न्तराष्ट्रिय महासन्धी तथा सन्धी सम्झौतामा जनाइएको प्रतिवद्धता र त्यसमा अर्न्तनिहीत मानवअधिकार तथा अर्न्तराष्ट्रिय मानवीय कानुनका सिद्धान्त र मूल्य मान्यताप्रति प्रतिवद्ध रही मानवीय मर्यादाको सम्मान र संरक्षण गर्दै आफनो कार्यसम्पादन गर्नुपर्छ । मन्त्रिपरिषद सदस्यले प्रचलित कानुनको पालना गर्न उत्प्रेरित गर्ने र आफुलाई आदर्श भूमिका ( Role model) को रुपमा प्रस्तुत गर्नुपर्छ ।

४.६. **विदेशी राष्ट्र, संस्था तथा गैरसरकारी संस्थाका पदाधिकारी एवं प्रतिनिधिसंग भेटघाट गर्दा पूर्वस्वीकृति लिनु पर्ने :** मन्त्रीले कुनै विदेशी राष्ट्रका कुटनीतिक, कुटनितिक प्रतिनिधीका साथै जुनसुकै अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थामा कार्यरत पदाधिकारी, प्रतिनिधि वा विदेशी नागरिक र अन्य विदेशी नागरिकसँग औपचारिक भेट गर्नु पर्ने भएमा भेटको उद्देश्य वारे जानकारी लिई मुख्यमन्त्रीबाट पूर्व स्वीकृति लिएर मात्र भेटघाट गर्नु पर्नेछ । यसरी भेटघाट हुँदा भएका छलफल तथा निर्णयबारे आफ्नो मन्त्रालयमा अभिलेख राखी मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा समेत लिखित जानकारी गराउनु पर्नेछ ।

४.७. **मित्रराष्ट्रसँगको सम्बन्धमा प्रतिकूल असर पर्ने अभिव्यक्ति दिन नहुने :** मन्त्रिपरिषद् सदस्यले कुनै सार्वजनिक अभिव्यक्ति दिँदा मित्रराष्ट्रसँगको सुमधुर सम्बन्धमा प्रतिकूल असर वा खलल नपर्ने गरी अभिव्यक्ति दिनु पर्नेछ ।

४.८. **शिष्टतापूर्वक प्रस्तुत हुनु पर्ने :** मन्त्रिपरिषद् सदस्यले मन्त्रिपरिषद्को बैठकमा प्रस्तुत हुने प्रस्तावमा मुख्यमन्त्रीको स्वीकृति लिइ आफ्नो भनाई राख्नुपर्ने र बैठकमा शिष्टतापूर्वक प्रस्तुत हुनु पर्नेछ ।

४.९. **आफ्नो स्वार्थ गाँसिएको विषयमा हुने छलफल र निर्णयमा सहभागी हुन नहुने :** मन्त्रिपरिषद् सदस्यले आफूले सम्पादन गर्नुपर्ने कुनै कार्यका सम्बन्धमा आफनो व्यक्तिगत वा निजी स्वार्थ गांसिएको भएमा वा त्यस्तो विषयमा संलग्न व्यक्ति आफ्नो नातेदार भएमा वा त्यस्तो कारोवार निजसंग प्रत्यक्ष रुपमा सम्बन्धित भएमा मुख्यमन्त्रीलाई जानकारी गराई सो विषयमा हुने छलफल र निर्णय बाट अलग रहनु पर्दछ ।

४.१०.**गोपनियता कायम राख्नु पर्ने :** मन्त्रिपरिषद् सदस्यले आफनो कार्यसम्पादनको सिलसिलामा प्रचलित कानून बमोजिम गोप्य राख्नुपर्ने विषयमा गोपनियता कायम राख्नु पर्नेछ ।

४.११. **गैरकानूनी काम कारवाही गर्न नहुने :** मन्त्रिरिषद् सदस्यले गैरकानूनी काम कारवाही गर्नु गराउनु हुँदैन र त्यस्तो कार्य गर्ने उपर कानून बमोजिम कारवाही गर्न गराउन उद्यत रहनु पर्नेछ ।

४.१२. **समन्वय कायम गर्ने :** मन्त्रिपरिषद् सदस्यले आफ्नो मन्त्रालयको कार्यसम्पादनका क्रममा सरोकारवाला व्यक्ति वा निकायसंग सम्बन्धित विषय भएमा समन्वय कायम गरी सहभागितात्मक रुपमा कार्य गराउने प्रयत्न गर्नु पर्नेछ ।

४.१३. **जवाफदेही हुनु पर्ने :** प्रचलित कानूनी व्यवस्थाको अधिनमा रही मुख्यमन्त्री र मन्त्री सामुहिक रुपमा प्रदेश सभाप्रति उत्तरदायी हुनु पर्नेछ र मन्त्री आफनो मन्त्रालयको कामका लागि व्यक्तिगत रुपमा मुख्यमन्त्री र प्रदेश सभाप्रति जवाफदेही हुनु पर्नेछ ।

४.१४.**समन्वय गर्नु पर्ने :** कामको सिलसिलामा संघ, प्रदेश र स्थानीय तहसम्बन्धी प्रचलित संवैधानिक एवं कानूनी व्यवस्था अनुरुप शासनका संवाहकबीच आवश्यकतानुसार समन्वय गर्नु पर्नेछ ।

४.१५. **आय-व्यय विबरण तथा आवधिक कार्यप्रगति विबरण सार्वजनिक गर्नुपर्ने :** मन्त्रीले आ-आफनो मन्त्रालयको पुँजिगत एवं चालुतर्फको वजेट, कार्यक्रम र आय व्ययको विवरण तथा आवधिक

कार्यप्रगति आ-आफनो मन्त्रालयको वेभसाइटमा नियमित (प्रकृति अनुसार दैनिक, मासिक वा अन्य आवधिक) रुपमा अद्यावधिक गरी राख्नुपर्ने र सोको सार्वजनिक गरी उत्तरदायित्व र पारदर्शिता कायम राख्नु पर्नेछ ।

४.१६. **ऐन नियम तथा निर्धारित मापदण्डको पालना गर्ने गराउने :** मन्त्रिपरिषद् सदस्यले आफ्नो मन्त्रालय सम्वद्ध वजेट तथा कार्यक्रमको सञ्चालनमा प्रचलित आर्थिक कार्यविधि, सार्वजनिक खरिद तथा विषयगत प्रचलित ऐन नियमका साथै अन्य निर्धारित मापदण्ड र गुणस्तरियताको पालना गर्ने गराउनेतर्फ सचेत र क्रियाशिल रहनु पर्नेछ ।

४.१७. **भ्रमण खर्चको विवरण सार्वजनिक गर्नु पर्ने :** मन्त्रिपरिषद् सदस्यले सरकारी कामको सिलसिलामा स्वदेश एवं विदेश भ्रमण गर्दा भएको खर्चको विवरण सार्वजनिक गर्नुपर्दछ ।

४.१८. **भ्रमण गर्दा पूर्वस्वीकृति लिनु पर्ने :** मन्त्रीहरुले प्रदेशको राजधानी बाहिर भ्रमण गर्नु पर्ने भएमा मुख्यमन्त्रीवाट पूर्व स्वीकृति लिएर मात्र भ्रमण गर्नु पर्नेछ ।

## ५. मन्त्रिपरिषद् सदस्यको सदाचार सम्बन्धी आचरण :

५.१.**सदाचारपूर्ण व्यबहार गर्नु पर्ने :** मन्त्रिपरिषद् सदस्यको हरेक क्रियाकलाप सदाचारपूर्ण हुनुपर्दछ । सदाचार विपरितका कार्य वा सदाचार विपरीत देखिने कुनैपनि कार्य गर्नबाट मन्त्रिपरिषद् सदस्य अलग रहनुपर्दछ ।

५.२. **पदीय हैसियतको दुरुपयोग गर्न नहुने :** मन्त्रिपरिषद् सदस्यले आफ्नो परिवार, नातेदार वा अन्य सामाजिक सम्बन्धका व्यक्तिहरुलाई आफूले सम्पादन गर्ने कार्य वा निर्णयमा अनुचित प्रभाब पार्न दिनु हुँदैन । साथै आफनो वा आफनो परिवारका सदस्य, स्वकीय तथा निजी सचिवालयका कर्मचारी वा अरु कसैको नीजि स्वाथ पूर्तिका लागि आफनो पदीय हैसियतको दुरुपयोग गर्न वा गर्न दिनु हुँदैन ।

५.३.**सम्पत्ति विबरण पेश गर्नु पर्ने :** मन्त्रिपरिषद् सदस्यले आफ्नो र आफ्नो परिवारका सदस्यको नाममा रहेको चल तथा अचल सम्पतिको विवरण शपथ लिएको ६० दिनभित्र तोकिएको ढांचामा २ प्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय समक्ष पेश गनुपर्नेछ । साथै सर्वसाधारणको जानकारीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट सो विवरण वेभसाइटमा राख्ने तथा सञ्चारका अन्य माध्यमबाट समेत सार्वजनिक गर्ने व्यबस्था मिलाउनु पर्नेछ ।

५.४. **आर्थिक प्रलोभनमा पर्न नहुने :** मन्त्रिपरिषद् सदस्यले आफैले, कर्मचारी, स्वकीय सचिव वा आफनो परिवारको सदस्यमार्फत आफनो कामसंग सम्बन्धित व्यक्तिहरुसंग दान, उपहार, चन्दा स्वीकार गर्न, सापटी वा आर्थिक लेनदेन गर्न वा कुनै प्रकारको आर्थिक प्रलोभनमा पर्न वा कमिशन वा गैरकानूनी रुपमा रकम प्राप्त गर्न गराउन हुदैन ।

५.५. **पेशागत निष्ठा कायम गर्नु पर्ने :** मन्त्रिपरिषद् सदस्यले सदैव पेशागत निष्ठाका साथ कार्यसम्पादन गर्नु पर्दछ र आम जनतालाई सुशासनको प्रत्याभुति दिलाउन प्रयत्नशील रहनु पर्दछ ।

५.६. **उच्च नैतिक आचरण हुनु पर्ने :** मन्त्रीको आचरण र व्यवहार प्रदेश कार्यपालिका प्रति जनताको आस्था र विश्वास बढाउने किसिमको उच्च नैतिकतायुक्त हुनु पर्दछ । साथै मन्त्री सदैव आफैले र अरुले समेत गौरव गर्न सक्ने उच्च नैतिक आचरणमा रहनु पर्दछ ।

५.७.**हरहिसाव शुद्ध राख्नु पर्ने :** कानून बमोजिम सार्वजनिक संस्था वा अन्य व्यक्ति वा निकायलाई आफु र आफ्नो परिवारका सदस्यले तिर्नु/बुझाउनुपर्ने कर, शुल्क, महसुल लगायत अन्य हिसाव यथासमयमा फछ्यौंट गरी शुद्ध आचरण प्रस्तुत गर्नु पर्नेछ ।

५.८. **मर्यादित पोशाकमा प्रस्तुत हुनु पर्ने :** मन्त्रिपरिषद् सदस्यले पदीय मर्यादा अनुकुल हुनेगरी मर्यादित पोशाकमा प्रस्तुत हुनु पर्नेछ । तर मन्त्रिपरिषद् बैठक, प्रदेश सभा बैठक र अन्य औपचारिक कार्यक्रममा औपचारिक पोशाकमा उपस्थिति हुनु पर्नेछ ।

५.९. **मितव्ययी सामाजिक व्यवहार प्रदर्शन गर्नु पर्ने :** मन्त्रिपरिषद् सदस्यले खर्चिलो र भडकिलो नगरी मितव्ययी सामाजिक व्यवहार प्रदर्शन गर्नु पर्दछ ।

५.१०. **विचाराधिन विषय सार्वजनिक गर्न नहुने :** मन्त्रिपरिषद्का सदस्यहरुले मन्त्रिपरिषदमा विचाराधीन रहेको विषयमा मन्त्रिपरिषद्बाट निर्णय नभएसम्म व्यक्तिगत रुपमा सञ्चार माध्यमलाई उपलब्ध गराई वा अन्य कुनै तरिकाले सार्वजनिक गर्नु हुदैन ।

५.११.**सार्वजनिक गर्नुपर्ने विषय प्रवक्ता मार्फत गर्नु पर्ने :** कानून बमोजिम गोप्य राख्नुपर्ने विषय बाहेक अन्य विषयमा संचार माध्यम वा अन्य सरोकारवालाहरुलाई सुसूचित गर्दा आदेशको श्रृङ्खलाअनुरुप वा प्रवक्ता मार्फत मात्र गर्नु पर्नेछ ।

**६. मन्त्रिपरिषद् सदस्यको क्षमता विकास सम्बन्धी आचरण** :

६.१. **अध्ययनशील हुनु पर्ने :** मन्त्रिपरिषद् सदस्य स्वअध्ययनशील हुनु पर्दछ । साथै आफ्नो मन्त्रालय वा मातहतका कर्मचारी एवं सहयोगीहरुलाई समेत अध्ययनशील हुन प्रोत्साहन गर्नु पर्दछ । यसको लागि आवश्यकतानुसार तालिम, गोष्ठी, अर्न्तक्रिया वा अवलोकन भ्रमण समेतको आयोजना गरी क्षमता विकास गर्ने कार्यलाई प्राथमिकतामा राख्नु पर्दछ ।

६.२. **नविनतम अवधारणासंग परिचित रहने :** मन्त्रिपरिषद् सदस्य संविधान, कानून, नीति र मन्त्रालयको कार्यक्षेत्रगत विषयका साथै समग्र प्रदेशको विकासको लागि मान्य सिद्धान्त एवं नविनतम अवधारणासंग सदैव परिचित र अध्यावधिक रही त्यसको परिपालना गर्न प्रतिबद्ध रहनु पर्दछ ।

**७. अनुगमन सम्बन्धी व्यवस्था** : यस आचारसंहिताको पालना भए नभएको सम्बन्धमा मुख्यमन्त्रीले अनुगमन गर्ने वा गराउने छ र सो बमोजिम आचारसंहिता पालना नभएको देखिएमा सचेत गराउन सक्नेछ ।

**८. बचाउ** : यो आचारसंहितामा लेखिएको कुनै कुरा प्रचलित नेपाल कानूनसंग बाझिएमा बाझिएको हदसम्म प्रचलित नेपाल कानुनमा लेखिएको कुरा नै मान्य हुनेछ ।